# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २८ जून २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- भाजपाका राष्ट्रिय अध्यक्ष तथा केन्द्रिय मंत्री जे.पी.नड्डाले कोलकातको ल कलेजमा एक छात्रासंग भएको सामूहिक दुष्कर्मको घटनालाई लिएर कडा शब्दमा निन्दा गर्नु भएको छ।

- रेलवे तथा सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णव आज उहाले हावडा जिल्लाको सन्त्रागाची रेलवे स्टेशनबाट पुरुलिया - बांकुरा - हावडा बीचको यात्रुवाहक मेमु रेल सेवाको भर्चुअल रूपमा उद्धाटन गर्नु भयो।

- कसबा ल कलेजकी एक छात्रासंग भएको सामूहिक दुष्कर्मको आरोपमा कोलकाता पुलिसले हालसम्म चार जना अभियुक्तलाई पक्राउ गरेको छ।

- गत बिहिवार सेनाको वाहन दुर्घटनामा परि ज्यान गुमाएका भारतीय सेनाको अग्निवीरमा कार्यरत प्रयास गुरुङको आज सैन्य सम्मानको साथमा दाह संस्कार गरियो I

- जीटीएको शिक्षा विभागले वर्तमान समयमा शिक्षक शिक्षिकाहरुका लागि ई पेन्शन र ई पीएफको व्यवस्था शुरु गरिदिएकोमा एचटीपीटी संगठन सोनादा क्षेत्र समितिद्वारा आभार प्रकट गरिएको छ।

**कोलकता दुष्कर्म - जे.पी.नड्डा**

भाजपाका राष्ट्रिय अध्यक्ष तथा केन्द्रिय मंत्री जे.पी.नड्डाले कोलकातको ल कलेजमा एक छात्रामाथि भएको सामूहिक दुष्कर्मको घटनालाई लिएर कडा शब्दमा निन्दा गर्नु भएको छ। यसका साथै उहाले बंगालको कानुन व्यवस्थामाथि पनि चिन्ता व्यक्त गर्नु भएको छ I यस विषयमा छानबिन गर्न भाजपाले एक चार सदस्यीय समिति गठन गरेको छ। जसमा पूर्व केन्द्रिय मंत्री तथा मुम्बईका पूर्व पुलिस आयुक्त सत्पाल सिंह,पूर्व केन्द्रिय मंत्री मीनाक्षी लेखी,लोकसभा सांसद विप्लव कुमार देव अनि राज्यसभा सांसद मानन कुमार मिश्रा सामेल छन् I चार सदस्यीय समितिले श्री नड्डालाई आफ्नो प्रतिवेदन बुझाउनेछ। यसैबीच नयाँ दिल्लीमा मिडियालाई सम्बोधन गर्नु हुदै भाजपा प्रवक्ता संबित पात्राले कोलकाता ल कलेजमा भएको भयानक दुष्कर्मको घटनाबाट सम्पूर्ण देश दुःखी रहेको बताउनु भएको छ। उहाले भन्नु भयो, बंगालमा स्वयम महिला मुख्यमन्त्री भएर पनि राज्यमा महिला विरुद्धको यस्ता क्रूर अपराध बारम्बार प्रकाशमा आउनु दुःखद को हो। श्री पात्राले घटनाको मुख्य अभियुक्त मनोजित मिश्रा कथित रूपमा तृणमूल कांग्रेसको विद्यार्थी शाखाको सचिव रहेको पनि बताउनु भयो। अर्कोतिर केन्द्रीय कानून तथा न्याय राज्यमन्त्री अर्जुन राम मेघवालले आज पश्चिम बंगालको कानून व्यवस्थाको अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्नु भएको छ। उहाले राज्यको तृणमूल कांग्रेस सरकारले तुष्टीकरणको राजनीति गरिरहेको आरोप लगाउनु हुदै यसको मुख्य कारण राज्यको बिग्रँदो कानून व्यवस्था रहेको बताउनु भयो । उहाले कोलकातामा पत्रकारहरूसँग कुराकानी गर्नु हुदै "पश्चिम बंगालको कानून व्यवस्थाको अवस्था अत्यन्तै चिन्ताजनक रहेको बताउनु भएको छ। तुष्टीकरणको राजनीतिका कारण अवस्था निरन्तर बिग्रँदै गइरहेको बताउनु भएको छ I उहाले यो बंगालको लागि दुर्भाग्यपूर्ण अवस्था रहेको र राज्यको छविमा दाग लागेको बताउनु भयो।"

**अश्विनी वैष्णव**

रेलवे तथा सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णव आज उहाले हावडा जिल्लाको सन्त्रागाची रेलवे स्टेशनबाट पुरुलिया - बांकुरा - हावडा बीचको यात्रुवाहक मेमु रेल सेवाको भर्चुअल रूपमा उद्घाटन गर्नु भयो। यसका साथै, उहाले अमृत भारत स्टेशन योजना अन्तर्गत चलिरहेको कामको प्रगतिको पनि निरीक्षण गर्नु भयो। श्री वैष्णवले २००९ देखि २०१४ सम्म पश्चिम बंगालमा रेलवेमा लगभग ४ हजार ३ सय ८० करोड रुपियाँको लगानी भएको , तर हाल यो संख्या बढेर लगभग १४ हजार करोड रुपियाँ पुगेको बताउनु भयो। उहाले २०१४ देखि २०२५ सम्म कोलकाता मेट्रोको नेटवर्क ४१ किलोमिटरले बढेको छ, जबकि १९७२ देखि २०१४ सम्म २८ किलोमिटर मात्र थप्न सकिएको बताउनु भयो। श्री वैष्णव कोलकाताको राष्ट्रिय पुस्तकालयको भाषा भवनमा आयोजित लघु उद्योग भारती उद्यमी शिखर सम्मेलनमा पनि सहभागी हुनु भयो।

**सुकान्त मजुमदार-पक्राउ**

कोलकाताको ल कलेजमा एक छात्रामाथि भएको सामूहिक दुष्कर्मको घटनालाई लिएर विरोध प्रदर्शन गरिरहेका केन्द्रीय शिक्षा राज्यमन्त्री तथा पश्चिम बंगाल भाजपा अध्यक्ष सुकान्त मजुमदारलाई कोलकाता पुलिसले हिरासतमा लिएको जानकारी प्राप्त भएको छ। यो घटना दक्षिण कोलकाताको गदियाहट क्रसिङमा भएको थियो, जहाँ भाजपा कार्यकर्ता र नेताहरूले विरोध गरिरहेका थिए।

BYTE

**शहिद प्रयास गुरंग**

बिहिवार सेनाको वाहन दुर्घटनामा परि ज्यान गुमाएका भारतीय सेनाको अग्निवीरमा कार्यरत दार्जिलिङ पुलबजार खण्ड अधिनस्त रेलिङ ग्राम पन्चायतको लोवर लामागाउँ निवासी प्रयास गुरुङको आज सैन्य सम्मानको साथमा दाह संस्कार गरियो I उनी हाल विजनबारी बजारमा बस्दै आइरहेका थिए I गत बिहिवार बागडोग्रा नजिकै जगलीबाबा रोडमा एक छाउनीबाट अर्को छाउनीमा जाने क्रममा गुरुङ सवार रहेको वाहन नजीकैको रुखमा ठोकिन्दा दुर्घटनामा उनको दुखद निधन भएको थियो। उनको पार्थिव शरीरलाई ठुलो भीडको उपस्थितिमा बिजनबारी बजार परिक्रमा गराईएको थियो।

**कोलकता पक्राउ**

कसबा ल कलेजकी एक छात्रासंग भएको सामूहिक दुष्कर्मको आरोपमा कोलकाता पुलिसले हालसम्म चार जना अभियुक्तलाई पक्राउ गरेको छ। जसमा कलेजका सुरक्षा गार्ड ५५ वर्षीय पिनाकी ब्यानर्जी पनि समावेश छन्। पुलिस स्रोत अनुसार, बुधबार कलेज क्याम्पस भित्र यो अपराध भएको थियो, जसमा छात्रालाई कलेजसँग सम्बन्धित केही पूर्व छात्र र कर्मचारीहरूले लक्षित गरेको आरोप छ। पक्राउ परेका अन्य तीन अभियुक्तहरूको पहिचान मनोजित मिश्रा, जैब अहमद र प्रमित मुखोपाध्यायको रूपमा गरिएको छ। पुलिस श्रोत अनुसार, मुख्य अभियुक्त मनोजित मिश्रा कलेजका पूर्व विद्यार्थी हुन् जसलाई हालै कलेज व्यवस्थापनले अस्थायी कर्मचारीको रूपमा नियुक्त गरेको थियो। अन्य दुई अभियुक्त प्रमित मुखोपाध्याय र जैब अहमद हालका विद्यार्थी रहेको र टीएमसीपी गतिविधिहरूमा सक्रिय रूपमा संलग्न हुने गरेको बताईएको छ।

**कोलकता दुष्कर्म- महिला अधिकार**

कोलकाताको कसबा ल कलेजमा एक छात्रामाथि भएको सामूहिक दुष्कर्मको घटनामा महिला अधिकार कार्यकर्ताहरुको पनि कठोर प्रतिक्रिया आइरहेको छ। महिला अधिकार कार्यकर्ता वर्षा मिश्रले घटनाको कडा निन्दा गर्नु हुदै आरोपीलाई कडाभन्दा कडा सजायको माग गर्नु भएको छ। उहाले , "उहाले महिलाहरू देशमा कतै पनि सुरक्षित नरेको बताउनु भयो। उहाले चाहे डाक्टर होस् वा वकिल, डिग्री प्रदान गर्नु अघि कुनै पनि पेशेवरको चरित्र प्रमाणपत्र जारी गर्नु पर्ने बताउनु भयो । उहाले यसका लागि सबै प्रमुख संस्थाहरूमा जाच समिति गठन गरिनु पर्ने अनि यस अपराधका दोषीहरूलाई फाँसी दिनु पर्ने माग गर्नु भयो।"उहाले पीडितलाई तीन घण्टासम्म शारीरिक यातना दिइएको, दुष्कर्म गरिएको र सम्पूर्ण घटनाको भिडियो बनाएर ब्ल्याकमेल गरिएको दाबी गर्नु भयो।

**ई- पेन्सन**

जीटीएको शिक्षा विभागले वर्तमान समयमा शिक्षक शिक्षिकाहरुका लागि ई पेन्शन र ई पीएफको व्यवस्था शुरु गरिदिएकोमा हिल तराई प्राथमिक शिक्षक संगठन सोनादा क्षेत्र समितिद्वारा आभार प्रकट गरिएको छ। उनीहरुले शिक्षक शिक्षिकाहरुका लागि ई पेन्शन र ई पीएफको सुविधा शुरु गरिएकोमा जीटीए प्रमुख अनित थापा र डेपुटी चेयरम्यान एंव प्राथमिक शिक्षा विभागको प्रभारी सभासद राजेस चौहानप्रति आभार प्रकट गरेका छन्। यस विषयमा पत्रकारहरुसित कुराकानी गर्दै हिल तराई प्राथमिक शिक्षक संगठन केन्द्रीय सह सचिव किरण बरदेवाले पेन्शन र पीएफको लागि पूर्व शिक्षक शिक्षिकाहरुले धेरै दुःख भोग्नु परिरहेको तर जीटीए प्रमुख अनित थापा र डेपुटी चेयरम्यान एंव प्राथमिक शिक्षा विभागको प्रभारी सभासद राजेस चौहानले शिक्षक शिक्षिकाहरुको सुविधाको लागि ई पेन्शन र ई पीएफको सुविधा शुरु गरिएको कारणले धेरै सुविधा भएको बताएका बताउनु भएको छ।

**दार्जीलिङ सरकारी महाविद्यालयमा**

दार्जीलिङ सरकारी महाविद्यालयमा महाविद्यालयको वनस्पति विज्ञान विभागले "सिमसारको संरक्षण र जैविक विविधता संरक्षणमा यसको प्रभाव" विषयक एक अन्तर्राष्ट्रिय सेमिनार सफलतापूर्वक आयोजना गर्यो। सेमिनार आयोजनाको निम्ति पूर्वी कोलकता सिमसार व्यवस्थापन प्राधिकरणद्वारा आर्थिक अनुदान उपलब्ध गराइएको विभागका प्राध्यापक डा. गौतम गाङ्गुलीले बताउनु भएको छ।

BYTE

**बागौडा-विरोध**

बागौडा प्राथमिक स्वास्थ्य केन्द्रको डाक्टरलाई स्थान्तरण गरिएको विषयलाई लिएर स्थानीयहरुले असन्तोष प्रकट गर्दै विरोध जनाएका छन्। खरसाङ महकुमा अन्तर्गत टुंग सन्त मेरिज समष्टिको बागौडा प्राथमिक स्वास्थ्य केन्द्रमा विगत 2 वर्षदेखि कार्यरत डा मेहताभ अलिलाई घैयाबारी प्राथमिक स्वास्थ्य केन्द्रमा पनि स्थान्तरण गरिदिएको भन्दै उक्त स्थान्तरणको स्थानीयहरुले विरोध जनाउदै बागौडा स्वास्तिक समाजको तर्फबाट सामुहिक हस्ताक्षरको साथमा क्षेत्रीय सभासद नुरी शेर्पा, खरसाङ खण्ड स्वास्थ्य अधिकारी सुकनामा ज्ञापन सुम्पिएको जानकारी प्राप्त भएको छ। बागौडा प्राथमिक स्वास्थ्य केन्द्रभित्र 20 देखि 25 गाउँहरु रहेको र ती गाउँहरुका लागि बागौडा प्राथमिक स्वास्थ्य केन्द्रमा डाक्टर हुन नितान्त आवश्यक रहेको बताउँदै यहाँबाट डाक्टरलाई स्थान्तरण गर्न अघि नयाँ डाक्टर आउनु पर्ने नत्र यहाँको डाक्टरलाई कतै पनि स्थान्तरण गर्न नहुने स्थानीयहरुले बताएका छन्।

**भाजपा – बाघडोग्रा**

कोलकताको कसबा ल कलेजकी एक छात्रामाथि भएको सामूहिक दुष्कर्मको घटनाको विरोधमा भाजपाले बागडोगरा पुलिस चौकी घेराउ गरी प्रदर्शन गरेको छ। पीडितलाई तत्काल कारबाही र न्यायको माग गर्दै आज निम्न बाघडोगरा गोसाईपुर मण्डल भाजपा महिला मोर्चाको नेतृत्वमा विशाल र्‍याली निकालिएको छ। र्यालीले विभिन्न सडक परिक्रमा गरेपछि बागडोगरा पुलिस चौकी पुगेको थियो। भाजपा महिला मोर्चाकी अध्यक्ष ज्योत्स्ना बर्मनले कोलकाता ल कलेजमा एक छात्रामाथि भएको सामूहिक दुष्कर्मका आरोपीहरूले सत्तारुढ दलको संरक्षणमा रहेकाले यस्तो जघन्य कार्य गर्ने साहस गरेको आरोप लगाउनु भयो।

**सचेतना कार्यक्रम**

अजम्बरी संघ सार्वजनिक भवन गुराँस डाँडा 460 पूल रंगबुलमा दार्जिलिङ पुलिस, जोरबंगलो थाना अनि दार्जिलिङ लिगल सर्भिस अथोरोटीको तत्वधानमा नशालु पदार्थ सेवन, बेच बिखन अनि पोकसो एक्टमाथि सचेतनामूलक कार्यक्रम सम्पन्न गरियो। कार्यक्रम जोरबंगलो थाना प्रभारी निरज राईको अध्यक्षतामा गरियो भने डीएसपी टाउन उज्ज्वल सरकार प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो I कार्यक्रममा 11 वटा समाजका सभापति सचिवहरू लगायत विभिन्न संघ संस्थाका प्रतिनिधीहरुको उपस्थिति रहेको थियो।

****** ○ ******

****** ○ ******